आपिहिमाल गाउँपालिका अध्यक्ष श्री धर्मसिंह
सिंह भण्पाल ज्यूको मन्तव्य एवम् गाउँपालिकाको
नीति ...

**आदर्णिय गरिमामय गाउँसभाका अध्यक्ष ज्यू, गाउँ सभामा उपस्थित सम्पुर्ण सदस्य ज्यूहरु**

सबै भन्दा पहिले यो राष्ट्रको लागि जिवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रती श्रदान्जली अर्पण गर्न चाहन्छु ।

मानव समाजको सामुहिक तथा सकारात्मक विकास सहितको रुपान्तरणका लागि विभिन्न शासन पद्दती भित्र रहेर, विभिन्न विचारको परिधी भित्र अटाएर तदनुसार देखिएका सामाजिक कुरिती, कुसंस्कार, सामाजिक शोषण, सामाजिक भेदभाव तथा विविध खालका अन्य अन्याय र अत्याचारको बिरुद्दमा समर्पित भई यो क्षेत्रकै समृद्दीका लागि योगदान गर्नु हुने स्व. लक्ष्मण सिंह लोथ्याल क्षेत्रकै एक मात्र राष्ट्रिय विभुषण सेवापदक द्वारा सम्मानित स्व. क्याउरा बोहरा, प्रधान पञ्चहरु, अध्यक्षहरु, उप प्रधान पञ्चहरु, उपाध्यक्षहरु र पछिल्लो पटकको बिद्रोहमा ज्यान गुमाउनु हुने स्व. तानसेन ठेकरे प्रती गहिरो सम्मान ब्यक्त गर्दछु साथै यो ऐतिहासिक क्षणमा यो गाउँपालिका स्तापनार्थ आ-आफ्ना तह र तप्काबाट योगदान गर्नु हुने राजनैतिक दल, उद्योग वाणिज्य संघ उप शाखा खण्डेश्वरी, बुद्दिजिबी, समाजसेवी, सर्वसाधारण जनता प्रती कृतज्ञता ब्यक्त गर्दै संघर्ष समितिका अध्यक्ष, सचिव लगायत सम्पूर्ण पदाधिकारीहरुलाई हृदय देखी धन्यबाद दिदै नमन गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**

मुलुक गणतान्त्रीक पद्दतीमा बामे सर्दैछ । गणतान्त्रिक संबिधान कार्यान्वयनको प्रकृयामा स्थानीय तहहरु द्रुत गतिमा अगाडी बढी रहेको छ तर हाम्रा दृष्टिकोणहरु, हाम्रा सोचहरु, हाम्रा ब्यवहारहरु संक्रमणको प्रकृयामा छन् र हुनु पर्दछ । विचारका हिसाबले, पद्दतीका हिसाबले र कानूनी हिसाबले हामी संक्रमणको दिशामा छौं भने चिन्तनका हिसाबले अझै पनि संक्रमणमा जान नसकि रहेको वर्तमान अवस्थाले गर्दा जनता र सरकार बीच, पदाधिकारी र कर्मचारी बीच र सरकारका विभिन्न अंगमा रहेका हामी पदाधिकारीका बिचमा ब्यवहारगत हिसाबले असहजता देखा पर्नु स्वभाबिकै हो । लामो समय देखी जनताका मन भित्र थुप्रिएर रहेका विकास प्रतीका आसा, सरकार संगका अपेक्षा र ति विषय वस्तुको सघन दुर्गमताले गर्दा समाजका हरेक क्षेत्रमा माग र पुर्तीका बिच संघर्ष चलिरहेको छ ।

**अध्यक्ष महोदय,**

एकातिर संघीय सरकारले राज्यका ऐनहरु समयानुकुल संशोधन गरी नसकेको अवस्था छ । प्रदेश सरकारको गठन सम्म नभई सकेको छ र स्थानीय सरकारले संघ र प्रदेश बाट कतिपय महत्वपूर्ण विषयमा समान्जस्यता ल्याउनु पर्ने बाद्यात्मक परिस्थितीका कारणले हाम्रा ऐन नियमहरुले आकार ग्रहण गर्न नसकि रहेको यो बिसमता भित्र रहेर यस अपिहिमाल गाउँपालिकाको प्रथम नीति तथा कार्यक्रम सार्वजनिक गर्नु परेको छ । यस सिलसिलामा हाम्रा नीतिका कारणले, अनुभवका कारणले र श्रोत साधनको अप्रयाप्तताका कारणले कतिपय विषयगत क्षेत्रहरु उपेक्षित हुन्छन कि भन्ने कुरामा समेत ध्यान दिने प्रयास गरिएको छ ।

**अध्यक्ष महोदय,**

अब म अपिहिमाल गाउँपालिकाको आ.व. ०७४/०७५ को नीति तथा कार्यक्रम पेश गर्न अनुमती चाहन्छु ।

**शिक्षा :**

क) वर्तमान अवस्थामा मौजुदा हाम्रो सामाजिक स्तरलाई माथी उठाउनका लागि केही पुराना सोचहरु र चिन्तनमा समेत निर्मम प्रहार गरेर छलांग नमारे सम्म हाम्रो समाज भित्र रहेको दरिद्र चिंतनको अन्त हुन सक्दैन त्यसैले यो सरकारले सामाजिक विकासका लागि शिक्षाको अवधारणा मार्फत सामाजिक रुपान्तरणको कार्यदिशा अबलम्बन गर्दै संघीय नीतिलाई थप बल र जिम्मेवारी दिने उद्येश्यले निजी श्रोतबाट संचालित विद्यालयहरु र निजी शिक्षकको पारिश्रमिक ब्यवस्तापन गर्न कक्षा १-५ संचालित विद्यालयहरुमा न्यूनतम २ जना शिक्षकको ब्यवस्था गर्दै बाकी निश्चित रकम आवश्यक्ताका आधारमा विद्यार्थी संख्याका अनुपातमा अनुदान दिईने छ ।

ख) विद्यालयमा कार्यरत निम्न दर्जाका कर्मचारीहरु तथा अन्य कर्मचारीहरुको मनोबल उठाउन केही मात्रामा भए पनि खाईपाई आएको तलबमानमा केही थप रकम बिनियोजन गरिनेछ ।

ग) नेपालको संबिधानले अबलम्बन गरेको तिन खम्बे अर्थ नीतिलाई कार्यान्वयनमा ल्याउनको लागि शिक्षा क्षेत्र संग सम्बन्धित गुठीहरु र प्रतिष्ठानहरुको संरक्षण तथा ब्यवस्थापनको लागि अनुदान दिईनेछ ।

घ) प्रतेक विद्यालयलाई वालमैत्री तथा छात्रामैत्री वातावरण निर्माण गर्न हाललाई मा.वि. र नि.मा.वि. हरुमा आवश्यक शौचालयको निर्माण गरी मैनावारि भएका छात्राहरुका लागि विद्यालय द्वारा आवश्यक प्याड र साबुनको ब्यवस्था गरिनेछ ।

ङ) विद्यार्थी भोलीको समाज निर्माणका सुन्दर खम्बाहरु हुन, उनिहरुको स्वास्थ्य प्रती संबेदनशील हुनु सरकारको कर्तब्य हुन्छ त्यसैले प्रतेक विद्यालयमा प्राथमिक उपचारका लागि आवश्यक औषधी तथा औजारको ब्यवस्था गर्दै प्रतेक दुई महिनामा अनिवार्य स्यास्थ्य परिक्षणको ब्यवस्था गरिनेछ ।

च) शिक्षा क्षेत्रको भौतिक पुर्वाधार विकासका लगि आवश्यक पहल गरिनेछ ।

छ) क्षेत्तेली भाषा, शौके भाषा सम्बन्धी अध्ययन तथा थप अध्ययन गरिनेछ ।

ज) शिक्षकहरुलाई लामो बिदा (४५ दिन) को स्थानीय भत्त  केही वर्ष यता देखी नदिने गरिएको मा उत्त भत्ता पुन: दिलाउन सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

झ) कक्षा १-५ मा रहेको स्थानीय विषयको पाठ्यक्रम निर्माणका लागि पहल गरिनेछ ।

ञ) अनुत्पादक आर्थिक भार कम गर्न अब्यवस्थित रुपले खोलिएका विद्यालयहरुको ब्यवस्थापन गर्न, मर्ज गर्न, तह मिलान गर्ने तथा अन्तर गाउँपालिका दरबन्दी ब्यवस्थापन गरी विद्यालयको आवश्यक ब्यवस्थापन गरिनेछ ।

ट) विद्यालय शिक्षालाई ब्यवस्थित र प्रभावकारी बनाउन शिक्षकहरुको मुल्यांकन पद्दती तथा आवश्यक नीति तयार गरी पुरुस्कार र दण्डको ब्यवस्था गरिनेछ ।

ठ) नेपाल सरकार शिक्षा मन्त्रालयको प्रचलित नीति अनुसार शिक्षकहरुको सरुवा गरी ब्यवस्थित गर्ने नीति लिईनेछ ।

ड) खेताला शिक्षक राख्ने परम्परालाई अन्त्य गर्दै अनावश्यक बिदामा बस्ने शिक्षक, कर्मचारीको तलब रोक्का गर्ने वा अन्य आवश्यक कार्वाहीको नीतिलाई कडाईका साथ लागू गरिनेछ ।

ढ) संघीय सरकार द्वारा संचालित विभिन्न छात्रबृती तथा सुबिधाहरु यथावत रुपले संचालन गरिनेछ ।

ण) प्राविधिक शिक्षाको आवश्यक्ता पुर्तिका लागि तथा प्राविधिक शिक्षाको बढ्दो मागलाई ध्यानमा राखी वन विज्ञान, वनस्पति विज्ञान तथा अन्य विषय मध्ये केनै एक विषयको छनौट गरी स्नातक तह सम्मको अध्ययन, अध्यापन गर्न सकिने क्याम्पस संचालन गर्नका लागि सम्भाब्यता अध्ययन गरी नीति तर्जुमा गरिनेछ ।

त) गाउँ शिक्षा समितिको गठन गर्न आवश्यक नियमावली तयार गरी लागु गरिनेछ ।

**स्वास्थ्य :**

कुनै पनि ब्यक्तीको धर्तीमा जन्मिए पछी शारीरिक तथा मानसिक रुपले स्वस्थ्य हुन पाउनु नैसर्गिक अधिकार हो । गाउपालिका सरकार पालिकावासी जनताहरुको स्वस्थ्यताको निम्ती सधै सचेत छ । उक्त कार्य ब्यवहारमा उतार्न -

क) प्रतेक वडामा एउटा बर्थिङ्ग सेन्टको ब्यवस्था गरिने छ ।
ख) आवश्यक्ता अनुसार ब्यवस्थित गाउघर क्लिनिकको ब्यवस्था गरिनेछ ।
ग) अपिहिमाल गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य चौकीहरुमा आपतकालिन बेड तथा औषधीको ब्यवस्था गरिनेछ ।
घ) स्वास्थ्य क्रमीहरुले घरमै गई स्वास्थ्य उपचार गर्नु पर्दा प्रोत्सान भत्ताको ब्यवस्था गरिनेछ ।
ङ) वर्षौं देखी स्वास्थ्य क्षेत्रमा कार्यरत स्वयं सेबिकाहरुको भत्ता थप गरिनेछ ।
च) स्वास्थ्य सम्बन्धि चेतना मुलक कार्यक्रम संचालन गर्न सडक नाटक, रेडियो कार्यक्रम, गोष्ठी तथा प्रशिक्षण कार्यक्रमको ब्यवस्थास गरिनेछ ।
छ) आयुर्बेद औषधी सम्बन्धी प्रयोग तथा प्रचार प्रसार गरिनेछ ।
ज) आयुर्बेद औषधी खरिद गरी निशुल्क बितरण गरिनेछ ।
झ) संघीय सरकार द्वारा निर्धारित १५ सैयाको अस्पताल संचालनका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

**खानेपानी तथा ढल निकास :**

**अध्यक्ष महोदय,**

मानव जिवन संग जोडिएको पिउने पानी तथा स्वच्छ वातावरणका लागि आवश्य खानेपानी योजनाहरुको मर्मत गर्ने तथा आवश्यक वडाहरुमा ढल निकासको ब्यवस्था गरिनेछ ।

**यातायात तथा भौतिक पुर्वाधार :**

क) मान्छेको जिवन संग जोडिएको अर्को विषय यातायात हो । यातायात ब्यवस्थापनलाई सहज र सुगम तुल्याउन आवश्यक ठाउमा कृषि सडकलाई क्रमागत योजनामा राखी कार्यान्वयनमा ल्याईने छ ।

ख) पर्यटन ब्यवसायलाई संस्थागत तथा ब्यवसायिक रुपमा स्थापना गर्न गाउँपालिका भरीका पर्यटकीय स्थलहरुको छनौट गरी पदमार्ग निर्माण गर्न का लागि गुरु योजना को आधारमा साधन श्रोतले भ्याएका योजना कार्यान्वयनमा ल्याईने छ ।

ग) तत्काल आवस्यक मर्मत गर्नु पर्ने कामका लागि भैपरी आउने शिर्षकमा बजेट बिनियोजन गरिनेछ ।

घ) बिटुले-पारिबगड-खण्डेश्वरी-घुषा रणनैतिक राजमार्ग गाउँपालिका केन्द्र सम्मछिटो पुऱ्याउने पहल गर्दै कम्तिमा १८ महिना भित्रै मकरीगाड सम्म पुऱ्याउन पहल गरिनेछ ।

ङ) गाउँपालिकाका प्रतेक वडा जोड्ने प्रयटकीय पदमार्गको रुपमा निर्माण हुने अपी चक्रपथ निर्माणका लागि आवश्यक सर्बे, नक्सांकन र प्रतिबेदन पेश गर्ने गरी अध्ययन गरिनेछ ।

च) गाउँपालिका भरी आवश्यक रहेका ट्रस पुल, झोलुङ्गे पुल, आर.सी.सी. पुल तथा काठे पुलहरुको बिस्त्रित अध्ययन गरी आवश्यक्ता अनुसार कार्यान्वयन गरिनेछ । साथै पाच वर्ष भित्र मार्गमा रहेका काठेपुलहरुलाई बिस्तापित गरिनेछ ।

छ) हामो जस्ता दुर्गम भेगका लागि यातायातको साधनको रुपमा प्रयो हुने खच्चरहरुको ब्यवसायलाई ब्यवस्थित गरिनेछ ।

<u>सुचना तथा संचार :</u>

**अध्यक्ष महोदय,**

क) मानव जिवनको विकासमा संचारको महत्वपूर्ण स्थान रहदै आएको छ । २१औं सताब्दी संचारको सताब्दी भन्दा फरक नपर्ने वर्तमान विश्व परिवेशलाई ध्यान दिदै गाउँपालिका कार्यालय वरपर नि:शुल्क वाईफाईको ब्यवस्था गरिनेछ ।

ख) वडा नं. ३ को पाथा देखी क्षेत्ती सम्मको क्षेत्रमा तथा वडा नं. ५ र ६ को पुरै क्षेत्रमा मोबाईल कबरेजको ग्यारेन्टी गर्न ती ठाउहरुमा २ वटा टेलिफोन टावरहरुको निर्माण गरिनेछ ।

ग) गाउँपालिका लाई स्मार्ट गाउँपालिका निर्माणको महाअभियान घोषणा गरी ५ वर्ष भित्र कम्तिमा गाउँपालिका लाई मोबाईलको कभरेज युक्त बनाई स्मार्ट गाउँपालिका बन्नको लागि चाहिने एउटा आधारभुत आवस्यक्ता पुरा गरिनेछ ।

घ) गाउँपालिका भरीको सम्पुर्ण तथ्यांक संकलन गरी वडा पार्श्व चित्र र गाउँपालिका पार्श्व चित्र निर्माण गरी तथ्यांकमा सुनिश्चित गरिनेछ ।

ङ) गाउँपालिका भरीका विविध क्षेत्रका सुचना संकलन गरी तिनीहरुलाई गाउँपालिकाको विकासमा टेवा पुग्ने गरी प्रचार प्रसार गर्न रेडियो कार्यक्रम संचालन गरिनेछ ।

च) गाउँपालिका भरीका तथ्यांक, सुचना तथा पर्यटन क्षेत्र घोषणाका लागि पुर्वाधार तयार गर्न सहयोग पुग्ने श्रब्य दृस्य, फुटेज, स्थिर फोटोहरुक साथै गाउँपालिकाले गर्ने गतिबिधीहरुको जानकारी प्राप्त गर्न सकिने र प्रतिकृया दिन मिल्ने गरी नागरिक्ता नं., पासपोर्ट नं. वा मतदाता परिचय पत्र नं. लाई ब्यक्तिगत पासवर्डको रुपमा प्रयो गर्न मिल्ने वेबसाईटको ब्यवस्था गरिनेछ ।

छ) गाउँपालिकाको धैरै जसो भाग भित्र थ्रीजी कबरेजले जोड्न ईन्टरनेटको ब्यवस्था गरिनेछ ।

ज) केबुल टेलीभीजन संचालनको लागि आवश्यक नीति नियम बनाई कार्यान्वयनको लागि सहजिकरण गरिनेछ ।

**<u>लक्षित समुह :</u>**

**अध्यक्ष महोदय,**

अब म समाजका अग्रज, श्रदेय जेष्ठ नागरिक आधा आकासका हकदार तथा श्रिष्टिकर्ता नमन योग्य महिला, सामाजिक परम्परा भित्र पिल्सिएका दलित, भविस्यका द्रष्टा वालवालिका र अपाङ्गता भएका नागरिक प्रती सम्मान प्रकट गर्दै थप रुपमा स्थानीय अल्पसंख्यक समुदायहरु- देउरुखी, अट्टयाल, ओईरे, तोथ्याल धामीलाई समेत लक्षित हुने गरी लक्षित समुहको बारेमा सरकारको नीति अगाडी बढाउने अनुमती चाहन्छु ।

क) श्रद्येय जेष्ठ नागरिक- यो समाजलाई यहाँ सम्म ल्याई पुऱ्याउन अहम भुमिका खेल्ने श्रद्येय जेष्ठ नागरिकहरुको सम्मानमा एउटा बृद्दाश्रमको ब्यवस्था गरिनेछ । जसमा हाललाई छोराछोरी वा लालन पालन गर्ने आफन्त नभएका वा भएर पनि पालन पोषण

नभएका वा सबै भएर पनि शान्तिका लागि आश्रममा बस्न चाहने कम्तिमा १० जना सम्म बस्ने गरी ब्यवस्था मिलाईनेछ ।

ख) महिला- आधि आकाशका हिस्सेदार तथा श्रिष्टीकर्ता नमन योग्य महिलाहरुको लागि लघु उद्यम, कुखुरापालन, बाख्रापालन, राजमा उत्पादन, रायो उत्पादन, लहसुन उत्पादन तथा अन्य आयमुलक कार्यक्रमका साथै चेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

ग) नेपाल राष्ट्र द्वृ सम्मानित जेष्ठ नागरिकहरुको नि:शुल्क उपचारका लागि ७५ वर्ष भन्दा माथीका जेष्ठ नागरिकहरु सरकारी अस्पताल/संस्थामा नि:शुल्क र उक्त स्वास्थ्य संस्थाहरुमा ५०% सम्म औषधी उपचारको रकममा छुट्याईनेछ ।

घ) एकल महिला- ३५ वर्ष उमेर सम्म विवाह नगरी बसेका दिदि बहिनीहरुलाई समेत परिभाषित हुने गरी बिधवा दिदि बहिनीहरुका लागि विशेष रुपले सम्बोधन हुने गरी प्रतेक वडामा कम्तिमा एउटा समुह निर्माण गरी स्विटर उद्योग संचालनमा ल्याई उत्पादित स्विटरहरु सरकारी कार्यालयहरुका कर्मचारीहरु र विद्यालयका पोसाकहरुमा समाबेश गर्ने गरी नीति बनाईनेछ ।

ङ) अपाङ्ग- अपाङ्गहरुले पाउदै आएका भत्ताहरुलाई यथावत राख्दै थप सहुलियत दिदै अपाङ्ग र अपाङ्गका छोरा छोरीले ५०% छुटको ब्यवस्था गरिने नियम बनाई लागू गरिनेछ ।

च) दलित- समाजका परम्पराबाट हेपित तथा प्रताडित दलित मुक्तीका लागि पाउदै गरेका सुबिधाहरु यथावत राख्दै यो आर्थिक वर्षमा गाउँपालिका भरी कम्तिमा ६ जना दलितका लागि गाउँपालिकाले सिफारिस तथा परिभाषित विषयमा तालिम, प्रशिक्षण दिई स्वरोजगार उन्मुख कार्यमा आर्थिक सहयोग गर्ने नीति ल्याईनेछ ।

छ) वालवालिका- भोलीको समाजलाई डोऱ्याउने वालवालिकाका लागि विद्यालय पछिको फुर्सदको समयमा मनोरञ्जन तथा सिपमुलक खेलकुद संग जोडेर गलत प्रबृत्तीमा जानबाट रोक्नका लागि प्रतेक वडामा १-१ वटा ब्यवस्थित वाल क्लबको नीति ल्याई कार्यान्वयन गरिनेछ ।

ज) जनजाती- छुट्टै सामाजिक पहिचान युक्त जनजातीले पाउदै आएका सेवा सुबिधाहरुलाई यथावत राख्दै जनजातीका आवश्यक समस्याहरुको पहिचान गरी योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

झ) आन्तरिक अल्पसंख्यक- सामाजिक पहिचानका लागि अग्रदिसामा तान्न नसकिएका तोध्याल धामी, अट्याल, देउरुखी र ओईरे समुदायका बिपन्न  वालवालिकाहरुका लागि स्टेशनरी खर्च बापत वार्षिक रु. १०००।- छात्रबृत्ती प्रदान गरिनेछ । सरकारी सेवा लिदा तिर्नु पर्ने शुल्कमा ५०% छुट गरिनेछ ।

**युवा तथा खेलकुद :**

राष्ट्रका पहरेदार, भरोसा योग्य भविष्यका निर्माता र राष्ट्रिय खम्बाका रुपमा परिभाषित गाउँपालिका भरिका युवाहरु बेरोजगारीका कारण अकर्मण्यताको सिकार मात्र भएका छैनन् आफ्नो भावी दिसा निर्देश गर्न नसक्दा हिनताबोध ले ग्रस्त भएर कुलतको दिसामा अगाडी बढी रहेका छन् । त्यस पिडिलाई बेलैमा सम्बोधन गर्न नसके एक दिन समाजले ठुलो घाटा बेहोर्नु पर्ने देखिन्छ । त्यसको बेलैमा उपचार हुनका लागि बेलैमा त्यस्ता युवाहरुको योग्यता तथा क्षमता र सीपको परिक्षण गरी युवा सम्बन्धी बिस्तृत अध्ययन गरी युवा नीति निर्माण गरिनेछ । जस अन्तरगत

क) S.E.E.  तह भन्दा माथीका शिक्षित बेरोजगारका लागि कम्तिमा २०० जनालाई नि:शुल्क ३ महिने लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग द्वारा लिईने स्थायी परिक्षाका लागि तयारी कक्षाहरु संचालन गरिनेछ ।

ख) विभिन्न सीपमुलक तालिमको व्यवस्थाका लागि आवश्यक युवा नीति बनाई सामुहिक जमानीमा ऋण प्रवाह गराउने गरी आयमुलक कार्यक्रम संचालन गरी एउटा युवाकोको स्थापना गरिनेछ ।

**खेलकुद :**

क) खात्ती खेल मैदानको स्तर उन्नत गराई कम्तिमा क्षेत्रीय स्तरको क्रिकेट मैदान निरर्माण गर्न सम्भाब्यता अध्ययन गरी सम्बन्धित निकायमा पहल गरिनेछ ।

ख) पालिका भरिका प्रतेक वडामा १/१ भलिबल कोर्टको ब्यवस्था गरिनेछ ।

ग) बास्केट बल विकासको थालनीका लागि आवश्यक पहल गरिनेछ ।

घ) दर्ता नभएका क्लबहरुले खेल संचालन गर्दा स्विकृती अनिवार्य गर्दै स्विकृत खेलका लागि परिभाषित शिर्षक भित्रका शिर्षकमा उचित आर्थिक सहयोग गरिनेछ । भविष्यमा खेलकुद

समितिको नीतिगत प्रकृया अपनाई खेलको नीति सहितको छुट्टै नियमावली तयार गरिनेछ ।

ङ) कम्तिमा नि.मा.वि. र मा.वि. तहमा खेलकुद शिक्षकको ब्यवस्था गरिनेछ ।

च) खेलकुद नीति भित्र गाउँपालिका स्तरीय रनिङ्ग सिल्ष प्रतियोगिताको ब्यवस्था गरिनेछ । दर्ता भएका क्लब स्तरीय खेलकुदको छुट्टै ब्यवस्था गरिनेछ ।

पर्यटन :

क) पर्यटन सम्बन्धी अध्ययन गरी आवश्यक नीति तर्जुमा गर्ने उद्येश्यले एउटा पर्यटन अध्ययन समिति निर्माण गर्न नियमावली तयार गरी लागू गरिनेछ ।

ख) धार्मिक पर्यटन पुर्वाधार निर्माण गर्न विभिन्न शक्तिपिठहरुको अध्ययन तथा खोजगरी त्यस सम्बन्धी कम्तिमा प्रतेक वडामा मन्दिरको निर्माण तथा जिर्णोद्वार गरिनेछ ।

ग) प्राकृतिक तथा धार्मिक पर्यटनलाई संग संगै अगाडी बढाउने उद्येश्य अनुरुप धार्मिक क्षेत्रको पहिचान गरी त्यस सम्बन्धी नीति निर्माण गरी धार्मिक पर्यटन गुरु योजनाको अध्ययन गरिनेछ । हाललाई वडा नं. ३ को क्षेत्ती घाजिर गुरुजाङ्ला, वडा नं. १ को सिति तथा वडा नं. ६ को सितोलालाई अध्ययन गर्न आवश्यक कदम चालिनेछ ।

घ) पर्यटकीय रुपले मात्र होईन धार्मिक रुपले अति महत्व बोकेका शक्ति पिठहरुको पहिचान गरी पूजा खर्च भनी रु ५००।- का दरले उपलब्ध गराईनेछ ।

ङ) सुर्मा बवानी जात्रा, काटै जात, घुसा जात, गौरा पर्ब तथा बिसु जात ब्यवस्थापनको लागि प्रति जात्रा पुजा ब्यवस्थापनका लागि रु ५०००।- देखी रु. १००००।- सम्म को ब्यवस्था गरिनेछ ।

च) अपिहिमाल गाउँपालिकाको पर्यटकीय गहनाको रुपमा रहेको सुन्दर खात्ती गाउँलाई पर्यटकीय केन्द्रका लागि सम्भाब्यता अध्ययन गर्ने ब्यवस्था मिलाईनेछ ।

उद्योग :

क) पाथा ईटा उद्योगको सम्भाब्यता अध्ययन गरी उपयुक्त ठहरिएमा निजी क्षेत्रको साझेदारीमा संचालन गर्ने नीति निर्माण गरिनेछ ।

ख) गाउँपालिका भरीका खोलाहरुको सम्भाब्यता अध्ययन गरी आवश्यक नीति निर्माण गर्न अध्ययनका लागि जलश्रोत नीतिको निर्माण गरी लागू गरिनेछ ।

ग) सरकारी, निजी वा अर्ध सरकारी कम्पनी द्वारा संचालनमा आएका वा आउने उद्योगहरुलाई ब्यवस्थित रुपले संचालन गर्ने वातावरण निर्माण गर्न त्यस सम्बन्धी आवश्यक णिति बनाईनेछ ।

घ) उद्योग नीतिलाई स्पष्ट गर्न एउटा उद्योग नीति निर्माण गरिनेछ ।

ङ) गाउँपालिका भित्र ब्यवस्थित बसोबास मार्पत बजारिकरण गर्ने नीति अन्तरगत बस्ति तथा आवास नीतिको निर्माण गरी लागू गरिनेछ । साथै गाउँपालिका संग जोडिएको क्षेत्रमा बजार ब्यवस्थापनका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

च) दर्ता गरेर काम नथाल्ने कुनै पनि आयोजनालाई घचघच्याउन आवश्यक सहयोग गर्न तथा लगानीको सुनिश्चितता गर्न आवश्यक जलश्रोत नीति बनाई लागू गरिनेछ ।

छ) आवश्यक उद्योग नीति निर्माण गरी वडा नं. ३ को मार्बल खानीको प्राथमिक अध्ययनको थालनी गरिनेछ ।

**कृषि विकास :**

क) एक गाउँ एक उत्पादन गरी ब्यवसायिक लाभ लिने उद्येश्यले प्रतेक गाउँको माटो परिक्षण गरी आवश्यक जातका बिउ बिजनको ब्यवस्थापन गर्न अध्ययन गरिनेछ ।

ख) राजमा खेती, लहसुन उत्पादन, रायो उत्पादन, अल्लो खेती, आलु उत्पादन, भांग्रो, बेसार खेतीका लागि आवशश्यक कार्यक्रम ल्याईनेछ ।

ग) कृषि विकासको लागि आवश्यक कृषि नीति ल्याई लागु गरिनेछ ।

घ) प्रतेक वडामा एक एक वटा पोलीहाउसका लागि पहल गरिनेछ ।

ङ) अलुको पकेट क्षेत्र निर्धारण गरी रस्टिक सेन्टर निर्माण गरिनेछ ।

च) अलुको चिप्स निर्माण गर्न साना उद्योग स्थापना गरिनेछ ।

छ) सुन्तला, नासपाती, ओखर र स्याउको सम्भाब्यता अध्ययन गरी पकेट क्षेत्र घोषणा गरी कार्यक्रम लागु गरिनेछ ।

ज) प्रतेक वडामा पाँच-पाँच जना LRP (स्थानीय श्रोत ब्यक्ती) लाई तालिम दिई कृषि विकासमा टेवा दिने नीति लिईएकोछ ।

झ) रसायनीक मल र बिषादीलाई रोक लगाई शुद्द प्रांगारिक मलको प्रयोग गरी प्रांगारिक उत्पादनमा जोड दिईनेछ ।

ञ) प्रतेक वडामा माटो परिक्षण सिबिर संचालन गरिनेछ ।

ट) प्रतेक वडामा करेसाबारी नमूनाको रुपमा अगाडी बढआईनेछ ।

पशु विकास :

क) भेडा पालन, कुखुरा पालन, चौरी पालन, माछा पालन द्वारा युवाहरुलाई स्वरोजगार गर्न प्रतेक वडामा २ वटा समुह निर्माण गरी कार्यक्रम अगाडी बढाईनेछ ।

सिंचाई :

क) सिंचाई योग्य जमिनको तथ्यामक संकलन गरी सम्भाब्यता अध्ययन गरिनेछ ।

वन :

क) वन जङ्गल उपभोग गर्न वन नीति निर्माण गरी लागू गरिनेछ ।

ख) यार्सागुम्बा ताथा अन्य जडीबुटीहरुको उपयोग तथा संरक्षण गर्न एक छुट्टै जडिबुटी नीति निर्माण गरी लागु गरिनेछ र हउदे गाउँ सभामा पेश गरिनेछ ।

ग) दर्ता नभएका मेला, फागलाहरुको समस्या समाधान गर्न आवश्यक प्रकृया पुरा गरी कम्तिमा अस्थाई उपभोग नीति निर्माण गरी लागू गरिनेछ ।

घ) **आर्थिक :**

क) कर प्रणाली- नेपालको संबिधानले अबलम्बन गरेको मिश्रित आर्थिक प्रणाली लागु गरेनछ ।

ख) करको दर देहाय बमोजिम हुनेछ -

१. ब्यवसायिक कर :

क) पानमा दर्ता भएका

अ) रु. १०००००|- देखि रु. ५००००० सम्म रु. १०००|- (वार्षिक)

आ) रु. ५०००००|- देखि रु. २००००००|- सम्म रु १५००|- (वार्षिक)

ख) पानमा दर्ता नभएका

२. जडिबुटी सम्बन्धी कर :

क) यार्सागुम्बा- रु. ३०००।- प्रति के.जी.

ख) सा. च्याउ- रु. २५ प्रति के.जी.

ग) लसुन- रु. १५०।- प्रति के.जी.

घ) सतुवा- रु. १००।- प्रति के.जी.

ङ) कटुकी- रु. १०।- प्रति के.जी.

च) जटामसी- रु. १०।- प्रति के.जी.

छ) सेतक चिनी- रु. ५।- प्रति के.जी.

ज) चिराईतो- रु. ५।- प्रति के.जी.

झ) बिस जडी- रु. ५।- प्रति के.जी.

३. कम्पनीमा दर्ता भएका ब्यवसायीहरुलाई वार्षिक रु. ३०००।-

४. अन्यकर :

१. घट्ट कर- रु. १००।- (वार्षिक)
२. आधुनिक घट्टकर- १५०।- (वार्षिक)
३. वालुवा- प्रति कट्टा रु. १०।-
४. सिफारिस दस्तुर (नागरिक्ता, नागरिक्ता प्रतिलिपी, मालपोत चुक्ता प्रमाणित, मोही कट्टा, अन्य )- रु. १००।-
५. घर भएको चार किल्ला प्रमाणित दस्तुर- रु. ७००।-
६. जन्म मिति प्रमाणित दस्तुर- रु. १००।-
७. ब्यक्तिगत घटना दर्ता (जन्म, विवाह, मृत्यु, सम्बन्ध बिच्छेद)- रु. १००।-
८. सम्पति विवरण प्रमाणित दस्तुर- रु. १००।-
९. व्यवसाय बन्द तथा संचालन सम्बन्धी सिफारिस- रु. २५०।-
१०. बहाल कर- १५%

५. मनोरन्जन कर :

१. खेलकुद संचालन गर्न सिफारिस- रु. १००।-
२. खेलकुद संचालन अनुमती- रु. ५००।-
३. सांस्कृतिक कार्यक्रम तथा अन्य मनोरञ्जन कार्यक्रम बापत उठेको सम्पूर्ण रकमको १०% मनोरन्जन कर लाग्नेछ ।

४. खेलकुद कर कुनै पनि स्विकृत खेलकुद संचालनबाट बाट उठेको सम्पुर्ण मा १०% खेलकुद रकम लाग्नेछ ।

५. मालपोत प्रति रोपनी- रु. ३।-

६. घरकर १ तले रु. २५।-, २ तले रु. ५०।-, ३ तले रु. ७५।- (वार्षिक)

७. सलामी कर

क) स्वदेशी- रु. ५००।-

ख) बिदेशी- रु. १०००।-

८. झोले ब्यापारी द्‌वारा स्थानीय कर बापत रु. १००००० देखि रु. ५०००००।- सम्म रु. १०००।- र रू। ५०००००।- भन्दा माथी रु. १५००।-

९. खच्चर खरिद बिक्रीमा प्रति खच्चर रु. १००।-

१०. खच्चर द्‌वारा माल सामान ढुवानी गर्दा प्रति खच्चर रु. १००।- (वार्षिक)

११. भेडा, बाख्रा, गाई, भैसी निकासी- प्रति रु. ५।-

१२. सार्वजनिक स्थानको ढुङ्गा प्रयोग गर्दा एक घर बनाए बापत- रु. ५००।-

१३. घर निर्माण अनुमती कर- रु. ५००।-

१४. पसल कर- रु. १००।-

१५. होटल कर-

क) चिया र नास्ता मात्रै भएको- रु. २००।-

ख) चिया, नास्ता सित खाना पनि भएको- रु. ३००।-

१६. पसलको ठाउसारी- रु. १०००।-

**वातावरण :**

क) स्थानीय बिपद ब्यवस्थापनको नीति बनाई लागु गरिनेछ ।

**बिबिध :**

क) मिति २०७४ भाद्र २६ को गाउँ सभाले पारित गरी लागु भएको मदिरा निशेधको नीति कार्यान्वयन गर्न निश्चित नियम बनाई लागू गरिनेछ । पूर्ण रुपमा कार्यान्वयन गर्न आवश्यक प्रहरी परिचालन तथा ब्यवस्थित गर्न आवश्यक नीति बनाई लागू गरिनेछ ।

साथै प्रहरी आवास, थुनुवा घर र रेलामा अस्थाई चौकी स्थापनार्थ आवश्यक रकम बिनियोजन गरी कडाईका साथ लागू गरिनेछ ।

ख) सामाजिक कुरिति तथा कानूनन बन्द रहेका छाउपडी प्रथा, छुवाछुत प्रथा तथा उमेर नपुगी बिबाह गर्ने कार्यको रोकथाम गर्न आवश्यक नियम निर्माण गरी सामाजिक जनचेतना मुलक कार्यक्रम ल्याईनेछ ।

ग) बिना जानकारी, बिना अनुमती प्रवेश गर्ने कुनै पनि गैह्र सरकारी संघ/संस्थाहरुलाई काममा बन्देज गराईनेछ । गैह्र सरकारी संघ/संस्थाहरुले गाउँपालिकाको पुर्व स्विकृती अनिवार्य लिनु पर्ने ब्यवस्था गरिएको छ ।

घ) विद्यालय हाता संग संगै रहेका पसलहरुले विद्यालय समयमा आफ्नो पसल भित्र सुर्ति जन्य पदार्थ बेच्न रोक लगाईएको छ साथै १६ वर्ष मुनिका वालवालिकाहरुलाई बिक्री बितरणमा समेत रोक लगाईएकोछ ।

ङ) आर्थिक पारदर्शितालाई कडाईका साथ पालना गर्न, गराउन आर्थि नीति निर्माण गरी लागू गरिनेछ ।

च) ब्यापार नीति स्पष्ट गर्न वाणिज्य नीतिको निर्माण गरिनेछ ।

छ) वडा पालिका तथा गाउँपालिकाका कार्यालय ब्यवस्थापन गर्न आवश्यक रकम छुट्याईनेछ ।

ज) बिपद व्यवस्थापन गर्न गाउँपालिका र वडा पालिकामा आवश्यक रकम बिनियोजन गरी कोष तथा परिचालन नियमावली बनाई लागू गरिनेछ । तर हालै आएको वडा नं. ६ सितोलाको धाङकाङ, मज्जे, रङपाङ, ककनाडी तथा वडा नं. १ को केही ठाउमा आएको बाढी/पहिरो बाटो भएको क्षतीग्रस्त परिवार र वस्तीमा राहत तथा आवश्यक मर्मत सम्भार गर्न रकम बिनियोजन गरी तत्काल बितरण गरिनेछ ।

झ) यो गाउँ सभा बस्नु पुर्व गरिएका सम्पुर्ण काम कार्वाहीलाई अनुमोदन गर्ने निर्णय गरियो । आर्को ब्यवस्था नभए सम्मका लागि लोलु क्षेत्र लगायत यार्सागुम्बा टिप्न प्रयोग हुने पाटनहरुमा अस्थायी रुपले निर्माण हुने काठ वा ढुङ्गा प्रयोग री ब्यापारिक प्रयोजनका लागि निर्माण गरिने अस्थाई टहराबाट प्रति कोठा ५०००।- का दरले र त्रिपाल राखी बनाईएका साधारण छप्पडको प्रति छपपड रु. ५०।- का दरले कर उठाईने ब्यवस्था लागू गरिनेछ ।

ञ) ब्यापारी ब्यवसायीहरुले अनिवार्य रुपले वडा पालिका तथा गाउँपालिकामा दर्ता हुनु पर्नेछ ।

ट) बिना स्विकृती गरिने कुनै पनि ब्यवसाय, उद्योग वा संस्था संचालनलाई अबैध करार गरी सम्पूर्ण बस्तु जफत गर्ने ब्यवस्था लागू गरिएको छ ।

ठ) समाजमा गरिने अनिवार्य कर्म काण्ड तथा तेहौं पुण्य तिथी, विवाह, न्वारन, भोज, ब्रतबन्ध जस्ता परम्परागत रुपले चलन चल्तीमा रहेका सांस्कारिक कार्यमा अनावश्यक र तडक भडक गरिने कार्यले समाजका कतिपय परम्पराहरु लोप हुने स्थितीमा छन् । ती कार्यहरुलाई परम्परा कायम हुने गरी नियमन गर्न एउटा अध्ययन टोली गठन गरी प्रतिवेदनका आधारमा आवश्यक नियमको ब्यवस्था गरिनेछ ।

ड) खानेपानीको समस्या हल गर्न RVWRMP भित्र्याउन आवस्यक पहल सहितको ब्यवस्था गरिनेछ ।

ढ) गाउँपालिकाको आन्तरिक बित्तिय ब्यवस्थापनको लागि प्रतेक योजनामा १०% कन्टिन्जेन्सी काटिने ब्यवस्था गरिनेछ ।

ण) बिभिन्न सामाजिक सुरक्षा भत्ता घरमै उपलब्ध गराउने ब्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

त) आवश्यक खाद्य पदार्थ सुपथ मुल्यमा सहज ढंगले जनताको सेवामा पुगाउने उद्येश्यले खण्डेश्वरी खाद्य डिपोले गर्ने कामकाज अर्को ब्यवस्था नभए सम्मका लागि ओखलबाट गर्ने गरी प्रतेक वडाका वितरण केन्द्रबाट वितरण गर्ने गरी नून र चामलको सहज आपुर्ति गर्ने ब्यवस्था गरिनेछ ।

थ) असहाय अर्थात आमा बुवा दुबै जना गुमाएका वालवालिकाको अपि भित्र रहेका शैक्षिक संस्थाहरुबाट पायक पर्ने विद्यालयहरुमा पठन पाठनको सम्पूर्ण जिम्मा लिने ब्यवस्था गरिनेछ ।

द) गाउँपालिका तथा वडापालिका भित्रका क्षेत्रहरुमा आवश्यक्ता अनुसार बिभिन्न संकेत युक्त होडिङ्ग बोर्ड र स्वागत द्वार निर्माण गरिनेछ ।

ध) गाउँपालिकाको अनुशासन कायम गराउन जुन सुकै सरकारी संस्थाका कर्मचारीहरुको ब्यवस्थापन कार्य क्षमता र कार्य दक्षताको मापदण्ड बनाई पुरुस्कार र दण्डको ब्यवस्था गरी लागू गरिनेछ ।

न) गाउँपालिका अन्तरगतका पदाधिकारीहरु, कार्यपालिका पदाधिकारी तथा सदस्यहरु र कर्मचारीहरु, वडाका अध्यक्ष तथा पदाधिकारीहरु र विभिन्न कार्यालयका कर्मचारीहरुको

भ्रमण भत्ता तथा बिभिन्न बैठक, सेमिनार, गोष्ठी तथा [illegible]

लागि आवश्यक नीति बनाई लागू [illegible] प्रचलित कानून अनुसार लागू गरिनेछ ।

प) गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षका लागि एक एक जना सल्लाहकार र एक एक जना व्यक्तिगत सहयोगी नियुक्त गरी नियमानुसार कामकाजमा खटाउने ब्यवस्था गरिनेछ ।

फ) बढ्दो आधुनिक (सुधारिएको) पानी घट्टको मागलाई पूर्ती गर्न प्रतेक वडामा कम्तिमा एउटा सुधारिएको घट्टका लागि स्थानीय सरकार र स्थानीय जनताको संयुक्त लगानीमा घट्ट निर्माण गरिनेछ । त्यसका लागि प्रतेक घट्टलाई ५००००|- सम्म अनुदानको ब्यवस्था गरी रु. ५००|- वार्षिक करको ब्यवस्था गरिनेछ ।

ब) गाउँपालिका भरीका डकर्मी, सिकर्मीहरुको सिपलाई ब्यवस्थित गर्न डकर्मी, सिकर्मीहरुलाई आवश्यक तालिमको ब्यवस्था गरी परिचय-पत्र समेत लागु गर्न आवश्यक नियमावी लागु गरिनेछ ।

भ) युवा क्लब र आमा समुहहरुलाई दर्ता गर्ने प्रकृया अगाडी बढाईनेछ ।

म) बैंक तथा बित्तिय संस्था भित्र्याउन पहल गरिनेका साथै सहयोग गरिनेछ ।

य) गाउँपालिकाले जनतालाई दिने सेवा सुबिधालाई ब्यवस्थित गर्ने वार्षिक कार्यतालिका निर्माण गरी प्रकाशित गर्नेछ ।

र) रु. ५ लाख भन्दा बढी रकम खर्च हुने आयोजनालाई ठेक्का पट्टा प्रकृया द्वारा संचालन गरिनेछ ।

ल) समाजका अगुवा ब्यक्तित्व तथा नेपाल सरकारका महत्वपूर्ण पदमा रहेर समाजको लागि महत्वपूर्ण योगदान गर्नु हुने पुर्व अगुवाहरुका लागि सम्मान जनक कार्य संचालन गर्ने ब्यवस्था गरिनेछ ।

व) गैह सरकारी निकायहरुलाई नियमन तथा ब्यवस्थापन गर्न छुट्टै डेस्कको निर्माण गर्एनेछ ।

श) नलेखिएको किताबको रुपमा रहेका अपिगाउँपालिकाका एउटा सांस्कृतिक धरोहर स्व. पिर्मे धामीको ९५ वर्षको उमेरमा हालै आफ्नो निवासमा भएको निधन प्रति अपिहिमाल गाउँपालिका गहिरो शोक ब्यक्त गर्दछ ।

ष) जनताको घर दैलोमा पुग्नै लागेको हिन्दुहरुको महान चाड बडा दशैं र तिहारको पावन उपलक्षमा जनता द्वारा निर्माण गरिने समृद्द समाजको परिकल्पना शाकार होस, जनताहरुको घरदैलोमा शुख शान्तीको आगमन तथा सम्पुर्ण जनताको ब्यक्तिगत सुखमय जिवनको लागि शुभकामना ब्यक्त गर्दछु ।

धन्यबाद ।

धर्मानन्द सिंह
मन्याल
अपिहिमाल
गाउँपालिका
अध्यक्ष